# वि.सं. ६३३ देखि मानदेव संवत चलेको भन्ने आधार खोज्दै जाँदा भेटिएको इतिसिद्ध कुरा

- श्यामसुन्दर राजवंशी

राष्ट्रिय अभिलेखालय (वीर पुस्तकालयको चतुर्थ लगतको ५७ नं) मा संग्रहित सुमतितन्त्र नामक ग्रन्थ हस्तलिखित ग्रन्थको रुपमा ताडपत्रमा लेखिएको प्राचीन ग्रन्थ हुनाले जो कोही व्यक्तिले हेर्न पाएको हुदैनन् । यही ग्रन्थलाई रुपान्तर गरी छापिएको हुँदा सो पुस्तक साधारण विद्यार्थीले चाहीं हेरेको होला नहोला तर इतिहासविद् विद्वानहरुले चाही अवश्य पनि हेरेको होला भन्ने ठान्दछु । यो पुस्तक त्रि.वि. अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले वि.सं. २०३५ सालमा छपाएको थियो ।

यस सुमतितन्त्रको मूलमा लेखिएको महत्वपूर्ण पाठांश यस्तो छ-

> जातो दुर्योधनो राजा कलि.......... प्रवर्त्तते ।
> युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पि वा ।
> उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति ।
> नन्दराज्यं शताष्टञ्च श्चन्द्रगुप्तस्ततो परे
> राज्यङ्करोति तेनापि द्वात्रिं शच्चाधिकं शतम् ।
> राजा शूद्रक देवश्च वर्ष सप्ताब्धि चाश्विनौं
> शक राजा ततो पश्चाद्ध सुरन्ध्र कृतन्तथा ।
> इत्येते ............. षितम्महृयं ज्ञेया राजा क्रमेण तु ।
> *(सुमतितन्त्रे ताडपत्रे २ ख पत्रे)*

सोही दोश्रो पत्रको किनारामा थपेको पाठ यसरी छ-

> ..........कृत अम्बराग्नि...................
> ...ी मान देवाव्द प्रयुज्यमाना एतानि पिण्ड............

पत्र संख्या देखिंदैन भनी थपेको अर्को पाठ यसरी छ -

> युधिष्ठिर दुज्जोधन उभो राज्याव्द २000 नन्द राज्याव्द ८00 चन्द्र गुप्त राज्याव्द १३२ सुद्रक देव राज्याव्द २४७ शक राज्याव्द ४९८ मानन्देवस्य राज्याव्द ३0४
> *(लिच्छवि संवतको निर्णय पृष्ठ ४१९)*

यति भए पछि मूलपाठको अनुवाद गर्दा यसरी गरिएको छ -

*दुर्योधन राजा भएपछि कलियुग लाग्नेछ । राजा युधिष्ठिर र राजा दुर्योधनको संवत २000 वर्षसम्म चल्नेछ । त्यसपछि ८00 वर्षसम्म राजा नन्दको संवत चल्ने छ । त्यसपछि १३२ वर्षसम्म राजा चन्द्रगुप्तको संवत चल्नेछ । त्यसपछि २४७ वर्षसम्म राजा शुद्रक देवको संवत चल्ने छ । त्यसपछि ४९८ वर्षसम्म शक राजाको संवत चल्ने छ । राजाहरुका यी संवत बताइए । त्यसपछि ३0४ वर्षसम्म राजा मानदेवको संवत चल्ने छ । (लिच्छवि संवतको निर्णय पृष्ठ ४१९-४२0)*

माथि उद्धरित सुमतितन्त्र ग्रन्थका मूल वाक्यमा जे कुरा लेखिएका हुन् त्यसबारे इतिहासकारहरु तथा विद्वान वर्गहरु अपरिचित छैनन् । त्यसकारण हरेक इतिहासकारहरुको मुखाग्रमा सुमतितन्त्रको तारिफ मुक्त कण्ठले हुने गरेको पाइन्छ । तसर्थ वि.सं. ६३३ देखि मानदेव संवत चलेको कुराको सबभन्दा बलियो प्रमाण सुमतितन्त्र नै हो भन्ने छाप परिसकेको छ । परन्तु यस मूलवाक्यमा वि.सं. ६३३ मा मानदेव संवत उठेको भन्ने कुरा उल्लेख छैन भन्ने ख्याल राखेको देखिदैन । तर यस वाक्यमा "शक राज्याव्द ४९८" लेखिएकै छैन, "मानदेवस्य राज्याव्द ३0४" उल्लेखै छैन म भन्दिन । बरु सुमतितन्त्रमा विक्रम संवत बारे कुनै जानकारी दिइएको पनि छैन र वि.सं. ६३३ मा मानदेव संवत उठ्यो भनेर लेखिएको पनि छैन यो चाहीं भन्नैपर्छ ।

अर्को कुरो नेपालमा विक्रम संवतको व्यवहार लिच्छविकालमा पनि भएको छ भन्ने देखाउने आधार र प्रमाण पनि छैन । यतिसम्म हो कि लिच्छविकालमा चलेको संवतलाई इतिहासकारहरुले शक संवतै हुनुपर्छ भन्ने किसिमले मत जाहेर

गरियो र यसलाई अधिकांश व्यक्तिले समर्थन जनाएको अवश्य हो । सुमतितन्त्रलाई आधार मान्ने हो भने शक संवत भनेको ४९८ सम्म मात्र चल्यो त्यसपछि मानदेव संवत चल्यो भनेर मान्न वाध्य हुनुपर्छ । यस दृष्टिकोणले हेर्ने हो भने शिवदेव अंशुवर्माको संयुक्त अभिलेख संवत ५२६ सम्म देखिनु त्यसपछि अंशुवर्माको एकल शासन बेलाको संवत ५३५ तथा संवत ५३६ को अभिलेख भेटिएबाट पनि सुमतितन्त्रको भनाइमा शक संवत ४९८ सम्म मात्र चल्यो भन्ने कुरा त्यसै पनि गलत सिद्ध थियो भन्ने बुझ्नुपर्ने हो ।

वास्तवमा साह्रै नै कौतुहल पैदा यस कुराले गराएको छ कि भन्नलाई त सुमतितन्त्रमा शक संवत ४९८ सम्म चल्यो भनी देखाइयो तर वि.सं. ६३३ देखि मानदेव संवत चल्यो यो कुरा सुमतितन्त्रमा छ भनी वारम्वार वि.सं. ६३३ को कुरा मात्र उठाउनुको तात्पर्य के थियो ? बुझ्नु परेको छ ।

तव त्रि.वि.पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित भएको सुमतितन्त्र नामक पुस्तक खोजी गरें । यो पुस्तकको सम्पादन पं नयराज पन्तद्वारा भएको रहेछ र त्यस सम्पादन कार्यमा देवीप्रसाद भण्डारी तथा दिनेशराज पन्त पनि संलग्न रहेछ भन्ने बुझियो । सुमतितन्त्रको परिचय लिच्छवि संवतको निर्णय नामक उहाँहरुको पुस्तकमा पनि दिइएको रहेछ । जुन यसप्रकार छ-

*ताडपत्रमा भुजिमोल लिपिले लेखिएको सुमतितन्त्र नाउँको एक ग्रन्थ नेपाल राष्ट्रिय अभिलेखालय-वीर पुस्तकालय चौथो ५७) मा छ । ताडपत्रको सो पुस्तकमा जम्मा १५२ पत्र छन् । १४३ पत्रसम्म पत्र संख्या देखिन्छ । अरु पत्रमा पत्र संख्या देखिंदैन । एउटा पत्रमा पत्र संख्या १६२ (?) देखिन्छ । यी पत्र १४.७ अंगुल लामा र २.८ अंगुल चौडा छन् । ताडपत्रका दुवै पृष्ठमा भुजिमोल लिपिले लेख लेखिएको छ । एक पृष्ठमा घटीमा ५ पंक्ति र बढीमा ७ पंक्ति छन् । पंक्ति पिच्छे घटीमा ३६ र बढीमा ५६ अक्षर छन् । ६२ पत्रसम्म एक थरि हस्ताक्षर ६३ पत्र देखि अर्कै थरि हस्ताक्षर छन् । ६२ पत्रसम्म पत्र संख्या अक्षराङ्मा छ । ६२ पत्रसम्म पनि गणित गर्दा भने अक्षराङ् छैन । (लिच्छवि संवतको निर्णय पृष्ठ १२१)*

सुमतितन्त्र नामक ग्रन्थ वारे देवीप्रसाद लंसालले लेखेको सुमतितन्त्र शीर्षकको लेख पुरातत्व विभागको मुखपत्र प्राचीन नेपाल अंक १ मा प्रकाशित छ । यसमा भनिएको छ -

१. ... वीर पुस्तकालयमा रहेको पुस्तकको लिपि ताडपत्रको अध्ययनबाट भन्न सकिन्छ कि पुस्तकको आजसम्मको आयु ५५०-६०० वर्षभन्दा कमको छैन ।

२. सुमतिले आफ्नो तन्त्र प्राचीन सूर्य सिद्धान्तको आधारमा लेखेका छन् । उक्त सूर्य सिद्धान्त हाल उपलब्ध छैन । वर्तमान सूर्य सिद्धान्त र सुमतितन्त्रमा दिइएको विषय मिलाएर हेर्दा परस्पर भिन्नता पाइन्छ ।

३. लिपिकारको दोषबाट पुस्तकका पंक्तिहरु अशुद्ध छन् ।

४. सुमतिको मतानुसार युधिष्ठिरको राज्यकाल भन्दा दुइ हजार वर्षपछि नन्दको राज्याभिषेक भएको थियो भन्ने देखिन्छ तर...... विष्णुपुराणमा परीक्षितको जन्म भन्दा एक हजार पन्धह वर्षपछि नन्दको राज्याभिषेक भएको थियो ।

५. यो सुमतितन्त्र नेपालमा निकै आदरणीय थियो र यसको प्रतिलिपि पनि भइरहन्थ्यो । आज मूल पुस्तक उपलब्ध छैन तापनि वीर पुस्तकालयमा रहेको पुस्तक मूल पुस्तकबाट प्रतिलिपि भएको बुझिन्छ ।

६. यसमा मानदेव राज्याव्दको उल्लेख छैन । नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको पुस्तकको अन्त्यमा रहेको फोटो गरिएको पत्रबाट बुझिन्छ । त्यसको मूल पुस्तक मानदेव प्रथमका राज्याव्दको प्रचलनपछि प्रतिलिपि गरिएको थियो । अतःएवं त्यस पुस्तकमा मानदेव राज्याव्द ३०४ समेत थपिएको देखिन्छ ।

*(प्राचीन नेपाल अंक १ पृष्ठ ६)*

(मेरो पिताजी श्री शङ्करमान राजवंशीले लेख्नुभएको "सुमतितन्त्र-एक अध्ययन" भन्ने लेखमा सुमतितन्त्रमा उल्लेखित मानदेव संवत चाही अप्रमाणिक देखिन आउँछ भनी सन्दर्भ अनुसन्धानात्मक त्रैमासिक अंक २ (२०३५ श्रावण-असोज) मा प्रकाश गर्नुभयो । त्यसको कारणहरु यसरी दिइएको छ-

१. सुमतितन्त्रको दोश्रो पत्रमा उल्लेखित २ श्लोकमा युधिष्ठिरादि संवत भएको मूल श्लोकमा मानदेव संवतको उल्लेख छैन ।

२. राष्ट्रिय अभिलेखालयमा रहेको सुमतितन्त्र नाम ग्रन्थ ....... प्राचीन भुजिमोल लिपि छ । ............... अन्तिम पत्रमा संवतहरुको नाम उल्लेखित लिपि चाहिं प्रचलित पाचुमोल लिपि छ । त्यसको मसी पनि गाढा पाको खालको छैन । ...... दोस्रो पत्रको किनारामा "कृत अम्बरागिन मानदेवाव्द प्रयुज्य माना एतानि पिण्ड" भनी लेखेको .... पछि थपेको भन्ने स्वतः थाहा हुन्छ ।

३. मानदेव संवत.....थप्न सक्ने मानिसले मानदेव संवतको कुनै मितिको गणनाद्वारा उदाहरण दिन सक्नुपर्ने हो तर सो दिइएको छैन। यसबाट मानदेव संवत अडकल थपुवा भन्ने स्वतः देखिन्छ।

४. सुमतितन्त्रको अन्तिम पत्रमा ग्रन्थ सारेर पूरा गरेको मिति .............. ने.सं. ४९५ मा सारेर पूरा गरेको स्पष्ट छ ........ मानदेव संवत थप्ने मानिसलाई शक ८०२ मा नेपाल संवत चलेको ज्ञान थियो भन्ने कुरामा शंका हुँदैन।

५. यस्तै गरी १५ वटा कारणहरु दिइ सुमतितन्त्रमा उल्लेखित मानदेव संवत कल्पित एवं थपुवा तथा अशुद्ध भइ अप्रमाणिक छ भनी सिद्ध गर्नु भएको छ।

यी तमाम कारणहरुमा शंका निवारण भएको छैन तापनि इतिहासकारहरुले सुमतितन्त्रलाई नै प्रामाणिक मान्नुको साथै लिच्छविकालमा चलेको संवत बारे यसले निर्णायक भूमिका निर्वाह गर्छ भनि मान्न थाले। तर मेरो पिताजी ती कुरा मान्न कदापि राजी हुनुहुन्नथ्यो तसर्थ लिच्छविकालमा चलेको संवत विवादको निराकरण गर्न उद्यत रहनु भएकोले उहाँले "लिच्छवि संवतको परिचर्चा" नामक पुस्तक पनि लेखि प्रकाशित गर्नु भो र सो पुस्तकको प्रथम परिच्छेदमा यी प्रश्नहरु पनि उठाउनु भएको छ।

१. सुमतितन्त्रका ग्रन्थकारले लेखेको छ। शक संवत ४९८ सम्म मात्र चल्यो भनी मूल वाक्य उल्लेख गरेको छ तर अंशुवर्मा भन्दा अधिको संवतलाई शक संवत मानेपछि हामी कहाँ अभिलेखको संवत ५२६ सम्मको भेटिएकोलाई के भन्ने ?

२. शक संवत भनेको चैत्रादि संवत (चैत्र महिनादेखि शुरु हुने) हो तर अभिलेखमा संवतहरु सबै कार्तिकादि (कार्तिक महिनादेखि शुरु हुने) संवत भएको यथार्थ सत्यलाई स्वीकार्ने या अस्वीकार्ने ?

३. सुमतितन्त्रमा शक ४९८ पछि नेपाल संवतको आरम्भ शक ८०२ दिइएको छ। शक ४९८ बाट शक ८०२ को बीचमा ३०४ वर्षको इतिहास लुप्त हुने हुनाले कुनै एक टिप्पणीकारले ३०४ वर्ष जोडेर त्यसलाई मानदेव संवत कल्पना गरेको यथार्थ प्रष्ट देखिएकोलाई के भन्ने ?

४. शक संवत चैत्रादि हो भन्ने निर्विवाद भएको हुँदा कार्तिकमा ४९८ भइ रहेको शक संवत जेष्ठमा ४९९ हुन जान्छ। अंशुवर्माको बुङ्मतीको संवत २९ को अभिलेख जेठ महिनाको भएकोले अभिलेखको संवत जेठमा ४९९ जोड्दा शक ५२८ हुने भयो। तर हामी कहाँ पाइएको अभिलेखहरु हेर्दा सवत ५२६ पछि २९ आएको हुनाले त्यसबीचको दुई वर्षको समयावधि इतिहासमा सधैं लुप्त भइरहने हुनाले ती दुई वर्षको समयको पनि इतिहास देखिनुपर्‍यो ?

यी सबै कारणहरु हेर्दा मानदेव संवत पक्कै अप्रामाणिक नै हो भन्ने ठहर हुन्छ। परन्तु मलाई साह्रै कौतुहल लागेको विषय मानदेव संवत थपुवा हो भन्नेतिर भन्दा पनि आजसम्म कसैले औंल्याउन नसकेको विषय भनेको वि.सं ६३३ किन प्रयोग गरियो भन्नेमा छ। सुमतितन्त्र नामक मुद्रित ग्रन्थको एक एक पाना पल्टाई हेरिंदा पनि वि.सं. ६३३ मा मानदेव संवत उठ्यो भनेर लेखिएको कुरो कहिं भेटिएन।

त्यसपछि पिताजीका पूज्य गुरु श्री नयराज पन्तज्यूद्वारा लिखित "लिच्छवि संवतको निर्णय" नामक ग्रन्थ फेरि पल्टाइ हेरें। यस पुस्तकको चौधौं परिच्छेदमा सुमतितन्त्रको परिचय दिइएको छ।

यसमा लेखिएको छ–

१. .......मानदेवदेखि अंशुवर्मासम्मका नेपालका लिच्छवि राजाहरुले व्यवहार गरेको संवत वि.सं. १३५ देखि उठेको शक संवत हो र अंशुवर्माको समयदेखि व्यवहारमा आएको संवत चाहिं वि.सं. ६३३ देखि उठेको मानदेव संवत हो। यसलाई पुष्टि गरिदिने सबभन्दा बलियो प्रमाण सुमतितन्त्र नै हो। सुमतितन्त्र नभेटिएको भए लिचछवि संवतको निर्णय गर्न ज्यादै गाह्रो पर्दथ्यो। ...... *(लि.सं. को निर्णय, पृष्ठ १२१)*

२. ताडपत्रमा भुजिमोल लिपिले लेखिएको सुमतितन्त्र नाउको एक ग्रन्थ नेपाल राष्ट्रिय अभिलेखालय (वीर पुस्तकालय चौथो ५७) मा छ। ताडपत्रको सो पुस्तकमा जम्मा १५२ पत्र छन्। ... ताडपत्रका दुवै पृष्ठमा भुजिमोल लिपिले लेखिएको छ। ............६२ पत्रसम्म एकथरी हस्ताक्षर, ६३ पत्रदेखि अर्कै थरी हस्ताक्षर छन्। ६२ पृष्ठसम्म पत्र संख्या अक्षराङ्मा छ। *(लि.सं. को निर्णय पृष्ठ १२१)*

३. वागवतीको दक्षिण किनारामा रहेको नेपालको शहरमा पशुपतिको नजिकै भनी लेखिएकोले यो पुस्तक पाटनमा वि.सं. १४३१ माघ ५ गते सारि सिद्धिएको देखिन्छ। *(लि.सं. को निर्णय पृष्ठ १२३)*

४. वि.सं. ५५६ देखि वि.सं. ६९५ भित्र बनेका ग्रन्थमा अयनाँशको चर्चा देखिएन वि.सं. ९६१ देखि बनेका

२६) "सततसरलकान्तस्वाङ्गशोभासमृद्धः" लि. अभिलेखबाट
२७) विमलसङ्घको यही अभिलेखको दोस्रो श्लोक पहिलो पाऊ ।
२८) किष्कुर्वितस्तौ हस्ते च, -
विश्वप्रकाशकोश, लद्विकम् किष्कुर्हस्ते वितस्तौ च,-२३४८
किष्कुर्द्वयोर्वितस्तौ च सप्रकोष्ठकरेपिच'
अथवा- 'किष्कुर्द्वयोर्वितस्तौ च प्रकोष्ठेपि करेऽपिच ।' इति मेदिनी ३।२।३
प्रादेशतालगोकर्णस्तर्जन्यादियुते तते
अङ्गुष्ठे सकनिष्ठे स्याद्वितस्तिर्द्वादशाङ्गुलः
१२४०-४१ अमरकोश
तर्जनीसहिताङ्गुष्ठे विस्तृते प्रादेशः - बुढी औंलो र चोर औंलो फैलाएर नापेको नापो,-एक कुरेत । मध्यमासहिताङ्गुष्ठविस्तारे तालः- बूढीऔंलो र माझी औंलो फैलाएर नापेको नापोको नाम-ताल । अनामिकायुतेङ्गुष्ठे गोकर्णः बूढी औंलो र साहिली औंलो फैलाएर नापेको नापोको नाम-गोकर्ण- (गाईको कान बराबर) कनिष्ठा-सहितेऽङ्गुष्ठे विस्तृते वितस्तिः बूढी औंलो र कान्छी औंलो फैलाएर नापेको नापोको नाम बित्ता (मानिसका औंला हात, खुट्टा, उचाइ, मोटाइ पनि अलग अलग हुने हुँदा स्वभावतः हात वित्ता कुरेत ताल गोकर्ण आदि नापोमा फरक नै देखिन आउँछ, त्यसमा पनि लिच्छविकालमा किष्कुको ठीक मानक कसरी निकालिन्थ्यो । यो पनि विचारणीय नै छ । बयानको हिसाबले मानदेवको उचाइ त अनन्यसाधारण त थियो, तर असम्भव नै काल्पनिक थिएन नै । यसैले मैले सबै विचार गरेर ९ बित्ता उचाइ भनेको अहिलेको हिसाबले मोटामोटी ६ फुट चानचुन लेखेको हुँ । (यूरोपका एक राजकुमारको उचाइ ६ फूट ४ इन्च थियो भन्ने कुरा यहाँ सम्झना हुन्छ ।)
२९) बाहुँ हस्तिकरोपमं स शनकैः स्पृष्ट्वाब्रवीद् गर्वितम् लि.अभि.१३ पृ।
३०) यही विमलसङ्घको अभिलेखको पहिलो श्लोक ।
३१) उही
३२) उही - दोस्रो श्लोकको दोस्रो आधी
३३) लि. अभिलेख ५४ पृ.
३४) उही ५५-५६ पृ.
३५) उही ५०-५१ पृ.
३६) उही ५-६ पृ. तथा ५७-५८ पृ.
३७) उही
३८) सुदर्शनराज तिवारीको उडन्ते कल्पना भ्रष्ट पाठको खण्डन गर्न उनको उद्धरण मैले यहाँ दोहोऱ्याउन आवश्यक ठानिन । किन भने श्यामसुन्दर राजवंशीले नै "अत्यन्त भ्रामक, अविश्वसनीय मनगढन्ते' कल्पना भनी खण्डन गरिसकेको हुनाले त्यसको पिष्टपेषण किन गरिहने ?) जिज्ञासु पाठकले प्रा. नेपाल १५३ अङ्क र बिक एण्ड बुल १३८-३९ तथा १४६ पृष्ठ हेर्न सक्नेछन् ।

**ग्रन्थमा अयनांशको चर्चा देखियो ..... यसकारण वि.सं. ६३३ देखि ९३७ भित्रको कुनै वर्षमा सुमतितन्त्र बनेको हुनुपर्छ भनी हामीले माथि जो लेखेका थियौं, सो कुरा गणितको दृष्टिबाट पनि ठीक देखिन आएको छ। यसकारण सुमतितन्त्र लिच्छविकालमा बनेको ग्रन्थ हो भन्ने कुरामा केही शंका छैन।**

*(लि.सं को निर्णय पृष्ठ १५२/१५३)*

५. **विक्रमको सातौं शताब्दीको उत्तरार्धका नेपालका लिच्छविकालका राजा अंशुवर्मा आफूमा भगवत्पशुपति भट्टारक पादानुगृहीतः (भगवान पशुपतिनाथको पाउको अनुग्रह पाएका) भन्ने विशेषण जोड्थे। यो विशेषण उनका प्रत्येक जसो अभिलेखमा भेटिन्छ। अंशुवर्माभन्दा अघिका नेपालका शासकले भगवत्पशुपति भट्टारक पादानुगृहीतः भन्ने पदवी लिएको देखिदैन।**

*(लि.सं. को निर्णय पृष्ठ १७८/१७९)*

६. **सुमतितन्त्रको मूल सूर्य सिद्धान्तलाई सबभन्दा शुद्ध सिद्धान्त भनी वराह मिहिरले बोल्नु, सुमतितन्त्रमा उल्लिखित संवत अनुसार मात्र अंशुवर्मा र उनी भन्दा पछिको लिच्छविकालका अभिलेखका तिथि मिति गणनाबाट मिल्नु, अंशुवर्माले वारको प्रयोग गर्न थाल्नु, सुमतितन्त्रकारले र अंशुवर्माले पनि आफूलाई माहेश्वर भन्नु इत्यादि देखिएकोले सुमतितन्त्र अनुसारको गणनापद्धति चलाउने कामका अग्रसर अंशुवर्मा नै देखिन आउँछन्।**

*(लि.सं. को निर्णय पृष्ठ १७९)*

सुमतितन्त्रको बारेमा लेखिएका यी व्याख्याहरुबाट यी ग्रन्थ नेपाल खाल्डो भित्र वि.सं. ६३३ देखि ९३७ को बीचमा रचना भएको हुनुपर्छ भन्ने अडकल सम्म भने देखियो। तर अडकल भन्ने कुरा सत्य पनि हुनसक्छ असत्य पनि हुन सक्छ। त्यसकारण यतिले अकाट्य प्रमाणको रुपमा आफ्नो सिद्धान्त दर्शाइ सिद्ध गर्न सकेको भने विल्कुलै छैन।

"लिच्छवि संवतको निर्णय" नामक सो ग्रन्थको पहिलो परिच्छेदमा वि.सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराको प्रमाण भनेर नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन् भनी दिइयो। ती हुन्

**१) सुमतितन्त्रको मूलवाक्य**
**२) सुमतितन्त्रमा पछि पछि थपिएका वाक्य**
**३) वि.सं. १७१२ मा सारिएको हरिवंशको पुष्पिका वाक्य**
**४) भोटका स सक्य पान चेन (वि.सं. १२३९-१३०८) को वाक्य**

*(लि.सं.को निर्णय पृष्ठ १)*

माथि उल्लिखित ती चारैवटा प्रमाण भनिए पनि ती श्रोतलाई लिच्छविकालको समकालीन श्रोत हो भनी सिद्ध गर्न सकेको छैन र त्यसबाट वि.सं. ६३३ मा मानदेव संवत उठेको प्रमाण भनी सिद्ध गर्न सकेको पनि छैन। वरु ठीकै छ सुमतितन्त्रमा शक संवत ४९८ सम्म चल्यो भनेकै छ त्यसैलाई प्रमाण मानी शक संवत ४९८ देखि मानदेव संवत उठेको भनी गणना गरी देखाइ दिएको भए हुन्थ्यो। त्यसो नगरी वि.सं. ६३३ किन लिनुपऱ्यो? फेरि त्यस ६३३ बाट १३५ घटाउने किन ? सोझै ४९८ शकलाई दरिलो आधार मानेर गणना गर्दा पनि हुनेमा किन गरिएन भनी जिज्ञासा बढ्न थाल्यो।

यसबाट के सिद्ध हुन आउँछ भने शक संवत भन्नासाथ चैत्रादि संवत हुन्छ तर लिच्छविकालका अभिलेखमा भएका सम्पूर्ण संवत कार्तिकादि हो भन्ने कुरा स्वीकार नगरी सुखै छैन। त्यसैले शक संवत पनि कार्तिकादि हुनसक्छ भन्नुपर्ने खण्ड आउने भयो। तव शक संवत ४९८ लाई कार्तिकादि शक मानेर अवश्य गणना गरी हेरियो होला तर च्याङठ्याङ कही मिलेन। अनि केही सीप नलागेर वि.सं. ६३३ लाई समात्ने युक्ति सुझिएको हो भन्ने देखियो र तात्पर्य बुझियो।

हेर्दै जाँदा, उक्त ग्रन्थको दोश्रो परिच्छेदमा यसरी लेखिएको छ-

**अंशुवर्मा देखिका लिच्छवि राजाहरुले व्यवहार गरेको संवत वि.सं. ६३३ देखि उठेको हो भनी सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन्।** *(लि.सं. को निर्णय पृष्ठ ७)*

**अभिलेखमा भएको सबै मितिहरु भनेको यी नै हुन्-**

१. **संवत ३१ द्वितीय पौष शुक्लाष्टम्याम्**
(भक्तपुर इनाय्चोको अभिलेखको मिति)

२. **संवत ३४ प्रथम पौष शुक्ल द्वितीयायाम्**
(पाटन सुनधाराको अभिलेखको मिति)

३. **संवत् ३१ माघ शुक्ल त्रयोदशी तिष्यनक्षत्र आइतबार**
(चाँगुको अंशुवर्माको अभिलेखको मिति)

४. **संवत ३०१ वैशाख शुक्ल सप्तमी तिष्यनक्षत्र आइतबार सिद्धयोग**
(केसर पुस्तकालयमा रहेको ६९९ संख्याको सौश्रुती संहिता सहोत्तरा नामक ग्रन्थको पुष्पिका वाक्यको मिति)

माथि उल्लेखित अभिलेखका मितिहरुमा सुमतितन्त्रको मूल मर्मलाई अंगीकार गर्ने हो भने शक संवत ४९८ लाई लिनुपर्छ वि.सं.६३३ लाई होइन।

१) **संवत ३१ द्वितीय पौष शुक्लाष्टम्याम्**
अभिलेखको संवत ३१ = (=४९८+३१)= शक ५२९

२) **संवत ३४ प्रथम पौष शुक्ल द्वितीयायाम्**
अभिलेखको संवत ३४ = (=४९८+३४)= शक ५३२

३) **संवत ३१ माघ शुक्ल त्रयोदशी तिष्यनक्षत्र आइतबार**
अभिलेखको संवत ३१ = (=४९८+३१)= शक ५२९

४) **संवत ३०१ वैशाख शुक्ल सप्तमी तिष्य नक्षत्र आइतबार सिद्धयोग**
अभिलेखको संवत ३०१ = (=४९८+३०१)= शक ७९९

यदि अंशुवर्मादेखि लिच्छवि राजाहरुले व्यवहार गरेको मानदेव संवत पनि कार्तिकादि र अंशुवर्मा भन्दा अघि व्यवहार भएका संवतलाई शक संवत भन्ने हो भने शक संवत पनि कार्तिकादि मान्नुपर्‍यो। कार्तिकादि मान्ने हो भने अभिलेखको संवत ३१ हुँदा शक पनि ५२९ मात्र हुने भयो। अन्यथा शक संवत ५२९ को कार्तिक देखि ५३० को आश्विनसम्म रहन्छ भनियो भने यहाँनिर शक संवतलाई कार्तिकादि संवत कदापि मान्नु हुँदैन।

तर यसो नगरी लिच्छवि संवतको निर्णय नामक ग्रन्थमा यसरी दिइएको छ-

**अभिलेखको संवत** ३१ (= ६३३+३१)=वि.सं. ६६४

**यताबाट यो अभिलेख वि.सं. ६६४ मा राखिएको देखिन्छ।**

**अब यो गणनाबाट सिद्ध गरिन्छ।**

**अंशुवर्मादेखिका लिच्छवि राजाहरुले व्यवहार गरेको संवत कार्तिकादि थियो भन्ने कुराको संकेत अनन्त लिंगेश्वरमा रहेको नरेन्द्र देवको अभिलेखबाट पाइन्छ।**

**यसकारण अभिलेखको संवत ३१ वि.सं. ६६४ को कार्तिक देखि वि.सं. ६६५ को आश्विनसम्म रहन्छ।**

**विक्रम संवतबाट १३५ घटाए शक संवत आउँछ। यसकारण वि.सं. ६६४** (=६६४-१३५).**शक** ५२८ **हुन्छ। यसकारण अभिलेखको संवत ३१ शक संवत ५२८ कार्तिक देखि ५३० आश्विनसम्म रहन्छ।**

*(लि.सं. को निर्णय पृष्ठ ८)*

निर्णायकज्यूले प्रयोग गर्नुभएको माथि उल्लेखित युक्तिले चाँगुको निरपेक्षको अभिलेख तथा पशुपति सूर्यघाटको विजयवतीको अभिलेखलाई ठ्याम्मै बिर्सेर बुझ पचाएको देखायो। किन भने अंशुवर्मा भन्दा अघि व्यवहृत भइरहेका संवत पनि कार्तिकादि संवत र अंशुवर्माले प्रयोग गरेको २९ देखिका संवत पनि कार्तिकादि भन्ने कुरा अभिलेखहरुले नै सिद्ध गराइसकेको कुरा हुन्।

निर्णायकलाई बडो आपत पारेको कुरा यही कि सोझै सुमतितन्त्रको शक संवत ४९८ प्रयोग गर्दा शक संवतलाई कार्तिकादि सिद्ध गर्न सकेनन्। शक संवतलाई कार्तिकादि मानेर अभिलेखको संवत ३१ लाई शक संवत ५२९ को कार्तिक देखि ५३० को आश्विनसम्म रहन्छ भन्न पाउने स्थिति नै आएन। त्यसो भएपछि शक ४९८ को सट्टा वि.सं. ६३३ प्रयोग गर्ने तिर दाउ सुझियो र अभिलेखको संवत ३१ लाई वि.सं. ६६४ को कार्तिकदेखि ६६५ को आश्विनसम्म रहन्छ भन्न पाइयो। तव वि.सं. ६६४ र वि.सं. ६६५ बाट १३५ घटाइ दियो भने शक ५२९ को कार्तिक देखि ५३० को आश्विनसम्म रहन्छ भन्न पाइयो। यसरी घुमाउरो पाराले शक संवतलाई चैत्रादि नै स्वीकार गरी ढाँटेको चाले पाएनन्।

किनभने अंशुवर्मा भन्दा अघि व्यवहार भएको संवत चाहे शक संवत भनियोस् चाहे लिच्छवि संवत भनियोस् चाहे जुनसुकै संवत भनियोस् त्यो कार्तिकादि संवत थियो भन्ने कुरा निर्णायकलाई भलिभाँति ज्ञात भएको कुरा हो र अंशुवर्मा देखिका लिच्छवि राजाहरुले व्यवहार गरेको संवत पनि कार्तिकादि थियो भन्ने पनि थाहा भएकै कुरो भयो। भने सोझै अभिलेखको संवत ३१ मा ४९८ जोडेर = शक ५२९ गरेको हुनुपर्ने। यसरी ती दुवै संवत कार्तिकादि संवत भएपछि अभिलेखको संवत ३१ भनेको शक ५२९ को कार्तिक देखि शक ५३० को आश्वीनसम्म रहन्छ भन्ने सवालै आउँदैन। त्यसो त अभिलेखको संवत ३१ चाही कार्तिकादि संवत भएर शक संवत चाही चैत्रादि भएमात्र यी कुरा सम्भव हुने हो। अतएव, लिच्छवि संवतको निर्णयले आखिरमा आएर शक संवत भनेको चैदादि संवत नै हो भन्ने स्वीकार गरेकै ठहरियो। अंशुवर्मा देखिको संवतलाई त मानदेव संवत हो भनी जवरजस्ती मिलाउन खोजियो तर अंशुवर्मा

भन्दा अघि व्यवहृत संवत (जुन कार्तिकादि संवत हो) त्यसलाई कुन संवत भनी ठेगान गर्ने हो ? त्यो कुरामा भने निर्णायक सोह्रै आना असफल भएको छ । कटु सत्य यही नै देखियो ।

एवं तरिकाले बाँकी अर्को तीन वटा मिति मध्ये अर्को अभिलेखको संवत पनि ३१ नै भएकोले यसलाई पनि शक संवत ५२९ को कार्तिकदेखि ५३० को आश्विनसम्म रहनेछ भनियो । अर्को अभिलेखको संवत ३४ लाई शक ५३२ को कार्तिक देखि ५३३ को आश्विनसम्म रहन्छ भनियो र अर्को चौथो चाही अभिलेखको संवत ३०१ लाई शक संवत ७९९ को कार्तिकदेखि संवत ८०० को आश्वीनसम्म रहन्छ भनी गणना गरी देखाइयो । यी कुराको कुनै तूक नै रहेन । त्यसकारण यी सम्पूर्ण गणना इतिहासको निमित्त सिद्धान्तहीन र अर्थहीन कुरा हुन् भन्ने बुझ्नुपर्दछ ।

केसर पुस्तकालयमा रहेको ६९९ संख्याको सौश्रुती संहिता सहोत्तरा नामक ग्रन्थको पुष्पिका वाक्यमा उल्लेखित संवत ३०१ को मितिको सम्बन्धमा निर्णायकज्यूको सुपुत्र दिनेशराज पन्त उहाँ पनि गन्यमान्य इतिहासकार मध्ये एक मानिएको व्यक्ति हुनुहुन्छ । उहाँको अभीष्ट भने वेग्लै पाराको पाइयो । जुन सहोत्तरा नामक ग्रन्थको पुष्पिका वाक्यको अर्थ उहाँको यसरी छ -

**ठूलो सफा कीर्ति भएका उदाएका चन्द्रमाको जस्तो प्रकाश भएका राजा मानदेवको विजय राज्यमा संवत ३०१ मा सबै जनाको मनलाई आनन्द दिने र पुण्य दिने वसन्त ऋतुमा वैशाख शुक्ल सप्तमी तिष्य नक्षत्र आदित्यवार सिद्धयोगमा**

*(लिच्छविकालमा चलेको संवत पृष्ठ ५, ६)*

**यहाँ संवत महीना पक्ष तिथिको साथै वार योगको उल्लेखसमेत आएकोले गणना गर्न सजिलो भयो ।**

*(लिच्छविकालमा चलेको संवत पृष्ठ ६)*

**अंशुवर्माहरुले प्रयोग गरेको संवत कार्तिकादि हो भन्ने कुरा सिद्ध भएकोले वैशाखमा १ बढाउनुपर्छ ।**

*(लिच्छविकालमा चलेको संवत पृष्ठ ६)*

यहाँनिर सौश्रुति संहिता सहोत्तरामा भएको पुष्पिका वाक्यलाई संवत ३०१ वैशाख शुक्ल सप्तमी तिष्य नक्षत्र आदित्यवार सिद्धयोगको भनी पढिएको छ । सोही लेखमा फेरि उहाँ यसरी पनि लेख्नुहुन्छ ।

**जस्तै कि-**

३०२+६३३=९३५ गणना गर्दा वि.सं. ९३५ वैशाख शुक्ल सप्तमीमा आदित्यबार तिष्य नक्षत्र सिद्धयोग पर्न आयो र गणना मिल्न गयो ।


*(लिच्छविकालमा चलेको संवत पृष्ठ ६)*

जसले गर्दा लिच्छवि संवतको निर्णय जुन गरिएको छ त्यसमा कुनै च्याङठ्याङ मिलेको छैन भन्ने सावित भयो ।


निर्णायकज्यूले गर्नु भएको संवत गणनामा च्याङठ्याङ मिलेन किनकी उहाँले शक संवतलाई चैत्रादि संवत नै हो भनेर वाध्य भई स्वीकार्नु परेको छ तव लिच्छवि कालमा चलेका संवतहरु सबै कार्तिकादि संवत भएवाट उहाँको सिद्धान्त जरैदेखि निर्मूल छ यसमा अरु थप व्याख्याको कुनै आवश्यकता छैन ।

निर्णयमा सहायक भई भूमिका निभाउने दिनेश राज पन्तजीले मानदेव संवतको सम्बन्धमा अभिव्यक्त गरेका मत वारे केही टिप्पणी गर्नु आवश्यकता देखिएको छ । किनकी उहाँले मानदेव संवतलाई कार्तिकादि संवत भनेरै मान्नुभएको छ तर त्यही कार्तिकादि संवत कार्तिकमा ३०१ भएर वैशाखमा ३०२ हुन्छ भन्ने मत जाहेर गरेको छ के यो अतिवादी भएन र ? यस सम्बन्धमा मैले पहिले पनि औंल्याइ सकेको हुँ तर उहाँले मेरो कुरालाई बुद्धि दारिद्रय भनी गाली गरी टार्नुभयो ।


यदि उहाँको भनाइ जस्तै सहोत्तरा संहिताको मानदेव संवत ३०१ वैशाख पुगेपछि ३०२ हुने भए ग्रन्थकारले संवत ३०२ किन लेखेनन् । अरु उदाहरण के दिउँ स्वयम् सहोत्तरा संहितामा भएको मिति पनि संवत ३०१ मात्र होइन वैशाख शुक्ल सप्तमी नै दिइएको छ । तव यो कुरा च्याङठ्याङ मिल्ने भएन मात्र होइन हास्यास्पद समेत भएन र ! तसर्थ उहाँको यस प्रकारको युक्तिलाई हामी सही युक्ति कदापि मान्न सक्दैनौं । परन्तु उहाँहरु जस्तो दिग्गज विद्वान हामी होइनौं । तापनि उहाँहरुको युक्ति र सुमति तन्त्र तथा सहोत्तरा संहितामा उल्लेख भएको मितिलाई तुलना गरी कुन सही कुन गलत छुट्याउने विवेक हामीमा पनि छ त्यसकारण लिच्छवि संवतको निर्णयद्वारा नेपालको इतिहास शुद्धसँग लेखिदैन भन्ने सिद्ध भएको छ र यस सम्बन्धमा अरु इतिहासकारले पनि पुनर्विचार गर्नु आवश्यक छ । साथै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान जस्तो गरिमामय संस्थावाट पनि यस्ता गम्भीर त्रुटीहरु सच्याउन पुनर्पहल गराउनु आवश्यक भइसकेको छ ।



राष्ट्रिय अभिलेखालय (वीर पुस्तकालय चतुर्थ लगतको ५७ नं.) मा संग्रहित
सुमतितन्त्र (ताडपत्र) ग्रन्थको प्रथम पत्रको फोटो



सुमतितन्त्र (ताडपत्र) को ग्रन्थको दोश्रो पत्रको फोटो



सुमतितन्त्र (ताडपत्र) ग्रन्थको अन्तिम पत्रको फोटो